

# हातेमालो कार्यक्रम

## नेपालमा बेपत्ता भएका व्यक्तिहरूका परिवारहरूको लागि आईसीआरसीको एकीकृत मनोसामाजिक कार्यक्रम

ICRC

संक्षिप्त जानकारी

ICRC

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी)
पोष्ट बक्स नं: २१२२५
मीनभवन, नयाँ बानेश्वर, काठमाडौं
फोन : ४१०७२८५/४१०७२७९ फ्याक्स्: ४१०७१३७
ईमेल: kathmandu@icrc.org वेब: www.icrc.org
© आईसीआरसी, नोभेम्बर २०१४

आवरण फोटो: भवनाथ पौडेल/आईसीआरसी ।

**बर्दिया, २०१० । आफ्ना समस्याहरू एकअर्कासँग छलफल गर्न जम्मा भएका बेपत्ता व्यक्तिका श्रीमती र आमाहरू ।**


सुजेन मान महर्जन/आईसीआरसी

"यदि हामी घरमै बसिरहयौं भने नरमाइलो लाग्छ । यसरी समूहमा आएर भेटघाट गर्दा रमाइलो हुन्छ । बैठकमा हामीले एक-अर्कालाई आफ्ना समस्याहरू बाँड्न सक्छौं । यस्ता बैठकहरूले हाम्रो मन हल्का भएको महसुस भएको छ ।"

**बेपत्ता व्यक्तिका एक आफन्त**







## परिचय

जुलाई २०१४ मा अद्यावधिक गरिएको आईसीआरसीको अभिलेखअनुसार, नेपालमा सन् १९९६ देखि २००६ सम्म (वि.स. २०५२-२०६३) चलेको सशस्त्र संघर्षको अन्त्य भएपछि १३४७ व्यक्तिहरू अझै बेपत्ता रहेका छन् । धेरै परिवारहरूलाई उनीहरू जीउँदै छन् वा मरिसके भन्नेबारेमा स्पष्ट जानकारी छैन । केही परिवारहरूले बेपत्ता व्यक्तिको मृत्यु भइसक्यो भन्ने कुरा थाहा पाएका छन् तर परिवारहरू यसरी मृत्यू भइसकेका व्यक्तिको अवशेष कहाँ छ अनि उक्त अवशेष कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुरा जान्न चाहन्छन् । यसरी यी परिवारहरू द्विविधापूर्ण जीवन बाँचिरहेका छन् र आफ्नो रीतिरिवाजअनुसार आशौच बार्न असक्षम भएका छन् ।

बेपत्ता व्यक्तिका परिवारहरूलाई सहयोग गर्न सशस्त्र द्वन्द्वको दौरान र द्वन्द्वको अन्त्य भएपछि पनि बेपत्ता व्यक्तिको अवस्था र स्थिति स्पष्ट पार्न आईसीआरसी कार्यरत छ । सन् २०१० मा आईसीआरसीले **हातेमालो** नामक मनोसमाजिक सहयोग कार्यक्रम प्रारम्भ गर्‍यो । यस कार्यक्रमअन्तर्गत स्थानीय गैरसरकारी संस्थाहरू र नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गर्दै आईसीआरसीले बेपत्ता व्यक्तिका परिवारहरूलाई मनोवैज्ञानिक, आर्थिक, प्रशासनिक/कानूनी र सामाजिक/साँस्कृतिक सहयोग उपलब्ध गराउँदै आएको छ । सहयोगी समूहहरूको अवधारणामा आधारित बहुआयामिक गतिविधिहरू सञ्चालन गर्दै, यस कार्यक्रमले परिवारहरूलाई आफ्ना समस्याहरूसँग जुध्न र सामाजिक अनि सामुदायिक सम्बन्धहरूको पुनर्निर्माण गर्न सहयोग गर्दै आएको छ ।

हातेमालो कार्यक्रमलाई हालसम्म कूल ४३ जिल्लाहरूमा कार्यान्वयन गरिसकिएको छ जसमध्ये २७ जिल्लाहरूमा यस कार्यक्रम अझै पनि कार्यान्वयन भइरहेको छ । सन् २०१५ को अन्त्यसम्ममा ९० प्रतिशतभन्दा बढी बेपत्ता व्यक्तिहरूको परिवारहरूलाई यस कार्यक्रमले समेट्नेछ ।







## हातेमालो कार्यक्रमका चरणहरू

**नमुना चरण (२०१० अगस्ट–२०१२ जुन, सम्पन्न भइसकेको)**
- कूल २६७ परिवारहरू
- २८ गाविसहरूमा फैलिएको
- १ कार्यक्रम कार्यान्वयन साभ्केदार गैसस
- १५ जना सहयोगी साथीहरू
- २ जना सुपरिवेक्षकहरू

**कार्यक्रमको पहिलो बिस्तार (२०११ मार्च–२०१३ जुन, सम्पन्न भइसकेको)**
- कूल ३४८ परिवारहरू
- ११० गाविसहरूमा फैलिएको
- ५ कार्यक्रम कार्यान्वयन साभ्केदार गैससहरू
- ३२ जना सहयोगी साथीहरू
- १० जना सुपरिवेक्षकहरू

**कार्यक्रमको दोश्रो बिस्तार (२०११ नोभेम्बरदेखि २०१४ सेप्टेम्बरसम्म, सम्पन्न भइसकेको)**
- कूल १२० परिवारहरू
- ५० गाविसहरूमा फैलिएको
- २ कार्यक्रम कार्यान्वयन साभ्केदार गैससहरू
- १२ जना सहयोगी साथीहरू
- ४ जना सुपरिवेक्षकहरू

**कार्यक्रमको तेश्रो बिस्तार (२०१३ जनवरीदेखि जारी रहेको)**
- कूल २५२ परिवारहरू
- १५० गाविसहरूमा फैलिएको
- कार्यक्रम कार्यान्वयन साभ्केदार ९ वटा नेरेसो जिल्ला शाखाहरू र १ गैसस
- २२ जना सहयोगी साथीहरू
- ९ जना सुपरिवेक्षकहरू
- ५ प्रशासन तथा वित्त सहायक
- ९ नेरेसो जिल्ला शाखा फोकल पर्सनहरू

**कार्यक्रमको चौथो बिस्तार (२०१४ मेदेखि २०१५ अक्टोबरसम्म)**
- कूल ३३७ परिवारहरू
- १७ कार्यान्वयन साभ्केदार संस्थाहरू
- ४१ जना सहयोगी साथीहरू
- १८ परामर्शदाताहरू
- ९ प्रशासन र वित्त सहायक
- १७ फोकल पर्सनहरू




## बेपत्ता व्यक्तिका परिवारहरूका मनोसामाजिक चुनौतीहरू

अन्तर्राष्ट्रिय मानवअधिकार कानून र अन्तर्राष्ट्रिय मानवीय कानूनअन्तर्गत द्वन्द्वको समयमा बेपत्ता भएका व्यक्तिहरूको अवस्था र स्थितिको बारेमा जान्न पाउनु परिवारहरूको अधिकार हो । यदि बेपत्ता व्यक्तिको मृत्यु भएको हो भने कुन परिस्थितिमा भएको हो र उनीहरूको मृत शरीर कहाँ छ भन्ने जानकारी पाउनु पनि उनीहरूको अधिकार हो । बेपत्ता व्यक्तिको मृत्यु भइसक्यो भन्ने प्रमाण परिवारहरूलाई आवश्यक हुन्छ किनभने उक्त प्रमाणबिना मृतात्माको शान्तिको लागि अन्तिम संस्कार वा आशौच बार्न सुरू गर्न सकिँदैन ।

बेपत्ता व्यक्तिका परिवारहरूले परिवारको सदस्य बेपत्ता भएको कारण थप आर्थिक कठिनाइहरू बेहोर्नु परेको छ । धेरैजसो परिवारहरूसँग जीवन धान्नलाई अत्यन्तै थोरै जग्गाजमीन छ । उनीहरू आफ्नो सानो घरमा आम्दानीका प्रशस्त साधनहरू बिना नै जीवन गुजारा गर्दछन् । नेपालमा बेपत्ता भएका व्यक्तिहरूमध्ये ९० प्रतिशत पुरूष छन् । पाका उमेरका बुबा-आमा र श्रीमतीहरूले घरको कमाइ गर्ने व्यक्ति गुमाएका छन् र आर्थिक कठिनाइले ग्रस्त छन् । बुबा बेपत्ता रहेकाले बेपत्ता व्यक्तिका बालबालिकाहरूले समाजका अन्य बालबालिकाहरूबाट विभेदको शिकार पनि हुन पुगेका छन् ।

बेपत्ता व्यक्तिहरूका परिवारहरूले आफ्नो बेपत्ता नातेदारको अवस्थाको सम्बन्धमा द्विविधा, हीनताबोध, आत्मग्लानि, आवेग, जीवनका महत्वपुर्ण कार्यहरूमा ध्यान केन्द्रित गर्न नसक्नेजस्ता विभिन्न किसिमका मनोवैज्ञानिक समस्याहरू अनुभव गर्छन् जसका कारण चिन्ता, छटपटी, शारीरिक दुखाइ, पारिवारिक कलह र आत्महत्याको सोचाइसमेतको अवस्थामा बाँच्नु परेको छ ।



यस्ता मनोवैज्ञानिक समस्याका साथसाथै परिवारहरूले सामाजिक कठिनाइहरू पनि भोग्नु परेको छ जसले गर्दा उनीहरूको दैनिक जीवनमा पनि असर परेको छ । विशेष गरी बेपत्ता व्यक्तिका श्रीमतीहरू सामाजिक लाञ्छनाका शिकार बन्छन् । बेपत्ता व्यक्तिका श्रीमतीहरूले विधवाको रूप ग्रहण गरून भन्ने समाजले अपेक्षा राख्दछ, तर बेपत्ता व्यक्तिका श्रीमतीहरूलाई यो कुरा स्वीकार्य छैन । समाजका अरू महिलाहरूले बेपत्ता व्यक्तिका श्रीमतीहरूलाई एकल महिला हुन् भनी चरित्रमा शंका गर्ने गर्दछन् । परिवारभित्रै पनि यी श्रीमतीहरूको भूमिका बदलिन्छ र उनीहरूलाई घरको एक जिम्मेवार सदस्य भन्दा पनि एक अतिरिक्त खाने मुखको रूपमा मात्र हेरिन्छ । श्रीमान्को सम्पत्तिमा आफ्नो हक कायम गर्न उनीहरूले कठिनाइ भोग्नुपर्दछ र माइतमा फर्केर बस्नु पनि आर्थिक र साँस्कृतिक रूपले नेपाली समुदायमा स्वीकार्य मानिँदैन । बेपत्ता भएका व्यक्तिहरूका परिवारहरूले पैत्रिक सम्पत्ति हस्तान्तरण, जग्गा/जमीनको नामसारी, वैधानिक रूपमा ऋण लिने जस्ता कानुनी/प्रशासनिक कठिनाइहरू भोग्नु परेको छ । बेपत्ता व्यक्तिको स्थितिका बारेमा कानूनमा स्पष्ट व्यवस्था नहुँदा यी परिवारहरूका समस्याहरू झन जटिल बन्ने गरेको छ ।

हातेमालो कार्यक्रमले यी अन्तरसम्बन्धित मनोवैज्ञानिक, सामाजिक/सांस्कृतिक, आर्थिक र पारिवारिक तथा सामाजिक सम्बन्धसँग सम्बन्धित विषयहरूलाई सम्बोधन गर्ने उद्देश्य लिएको छ ।






## हातेमालो कार्यक्रम

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) ले उत्साहित र अभिप्रेरित स्वयंसेवक (सहयोगी साथी) हरूको छनौट गरी बेपत्ता व्यक्तिका परिवारहरूका लागि प्रदान गर्ने सहयोगी समूहहरू र सहयोगसम्बन्धी विभिन्न सीपहरू प्रदान गर्ने गर्दछ । यसरी तालिमप्राप्त सहयोगी साथीहरूले बेपत्ता व्यक्तिका परिवारहरूका विभिन्न आवश्यकताहरूको सम्बोधन गर्न स्थानीय स्रोत परिचालन र अन्य सस्थाहरूमा सिफारिससम्बन्धी क्रियाकलापहरूसमेत समन्वय र सञ्चालन गर्दछन् ।

### क. सामुदायिक सहयोग

बेपत्ता व्यक्तिका परिवारहरूलाई लाग्ने सामाजिक लान्छना र बहिस्करण जस्ता व्यवहारहरूलाई न्यून गर्ने उद्देश्यले सामुदायिक सचेतीकरण तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिन्छ । उदाहरणको रूपमा बेपत्ता व्यक्तिका परिवारहरूले भोग्दै आएका कठिनाइहरूका बारेमा सर्वसाधारणहरूमाझ सडक नाटक तथा चित्रकला प्रर्दशनीजस्ता कार्यक्रमहरूलाई लिन सकिन्छ । यसै गरी वेपत्ता व्यक्तिका परिवारहरूका समस्याहरूको सम्बोधनका लागि सहयोगी साथीहरूमार्फत जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँगको समन्वय र साझेदारीमा सहयोगी क्रियाकलापहरूसमेत सञ्चालन गरिन्छ ।

### ख. पारिवारिक सहयोग

बेपत्ता व्यक्तिका परिवारका सदस्यहरूका बीचमा उनीहरूको भूमिका परिवर्तनका कारणले सृजना हुन सक्ने आन्तरिक पारिवारिक विवादहरू कम गर्ने उद्देश्यले सहयोगी साथीहरूमार्फत जानकारीमूलक पारिवारिक छलफल र भेटघाटका सत्रहरूको सञ्चालन गरिन्छ । आवश्यकताअनुसार उक्त विवादहरू समाधानका लागि गाँउका अगुवा, स्थानीय नेतृत्व वा मध्यस्थता गराउने संघसंस्थाहरूमा समेत सिफारिस गरिन्छ । सहयोगी साथीहरूमार्फत बेपत्ता व्यक्तिका परिवारहरूले नेपाल सरकार वा अन्य सहयोगी निकायहरूबाट प्राप्त हुने अन्तरिम राहत प्याकेजहरूका बारेमा परिवारहरूलाई जानकारी गराउने तथा उक्त सेवा सुविधाहरू प्राप्त भए नभएको समेत सुनिश्चित गर्ने गर्दछन् । त्यसै गरी परिवारका सदस्यहरूको आवश्यकता, रूचि र चाहनाबमोजिम सम्बन्धित सेवाप्रदायक संस्थाहरूमा सिफारिस र आवश्यक सहयोग गर्ने कार्यसमेत गर्दछन् ।




## ग. मानसिक स्वास्थ्य तथा मनोवैज्ञानिक सहयोग

बेपत्ता व्यक्तिका आमा, श्रीमती, बुबाहरू र बालबलिकाका मनोभावनात्मक तथा मनोवैज्ञानिक कठिनाइहरूलाई कम गर्ने उद्देश्यले सहयोगी साथीहरूमार्फत सहयोगी समूहहरूको बैठक र विभिन्न सत्रहरूको सञ्चालन गरिन्छ । सहयोगी समूहका यस्ता बैठक र सत्रहरू आफ्ना दुःख, वेदना र भावनाहरू साटासाट गर्न र एक अर्कालाई सहयोग गर्न प्रभावकारी सिद्ध भएका छन् । समूह बैठकमा उपस्थित हुन नसक्ने साथै अति बढी पीडा अनुभूत गर्ने नातेदारहरूका लागि तालिम प्राप्त मनोविमर्शकर्ताहरूमार्फत घर भ्रमण र व्यक्तिगत मनोविमर्श सहायता प्रदान गरिन्छ ।

एकाध व्यक्तिहरूमा गम्भीर, निराशा, चिन्ता, आत्महत्या उन्मुख सोच वा अन्य मानसिक रोगहरूजस्ता जटिल समस्याहरू पनि देखा पर्न सक्दछन् । यस्ता व्यक्तिहरूलाई सहयोगी साथीहरूमार्फत विशिष्टीकृत मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरू र सरकारी अस्पतालहरूमार्फत उपचार सहायताको प्रबन्ध गरिन्छ ।

## ऐक्यबद्धता सञ्जाल

बेपत्ता व्यक्तिका परिवारहरूले भोग्दै आएका पीडाहरू सामाजिक-साँस्कृतिक, आर्थिक, कानूनी, मानसिक आदि जस्ता अत्यन्तै जटिल र बहुआयामी भएको हुँदा, एउटै मात्र संस्थाले सबै प्रकारका सेवा उपलब्ध गराउन सक्दैन । विभिन्न सेवा प्रदायक संघसंस्थाहरूबाट उपलब्ध साधन र स्रोतहरूलाई एकीकृत गर्दै बेपत्ता परिवारहरूको आवश्यकता अनुरूप ती स्रोत र साधनको परिचालन गर्नु नै एकमात्र उपयुक्त पद्धति हुन सक्दछ । त्यसैले बेपत्ता परिवारहरूका आवश्यकताहरूको सम्बोधन गर्नका लागि यस हातेमालो कार्यक्रमले राष्ट्रिय र स्थानीय स्तरमा सञ्चालित विभिन्न सेवाप्रदायक संघसंस्थाहरूको ऐक्यबद्धता सञ्जाल गठन गरेर ती संघसंस्थाहरूको विभिन्न कार्यक्रमहरूमा बेपत्ता व्यक्तिका परिवारहरूलाई समावेश गराउँछ ।

यस ऐक्यबद्धता सञ्जालमा हेल्भेटास रोजगार कोष र मानसिक अस्पताल, लगनखेल रहेका छन् । यसका साथै हेफर इन्टरनेशनलले यस कार्यक्रम सम्पन्न भइसकेको १३ जिल्लाहरूमा ७५० भन्दा बढी बेपत्ता परिवारहरू र आर्थिक रूपले विपन्न १२५० परिवारहरूलाई उनीहरूको जीविकोपार्जन सुधार गर्न तथा सामाजिक समावेशीकरणका लागि सहयोग प्रदान गरिसकेको छ ।

## नेपालमा बेपत्ता भएका व्यक्तिका परिवारहरूलाई उनीह

- अनिश्चित क्षती, चिन्ता, निराशा, निर्णय क्षमताको कमी, एक्लोपना, मनोशारीरिक समस्या, मानसिक असन्तुलन, आत्महत्यासम्बन्धी सोच

**मानसिक स्वास्थ्य र मनोवैज्ञानिक सहयोग**

- परिवारका सदस्यहरूको भूमिकामा परिवर्तन
- पारिवारिक कलह, झगडा
- बेपत्ता व्यक्तिका श्रीमतीहरूलाई लान्छना, बहिस्करण
- परिवार चल्न नसक्ने अवस्था

**पारिवारिक सहयोग**

**नेपालमा बे**
**व्यक्तिका परि**
**मनोसामाजि**

- लान्छना, गाली
- भेदभाव, बहिस्करण
- यौन उत्पीडन र हिंसा
- सामाजिक रूपमा एक्लिएको

**सामाजिक र समुदायिक सहयोग**

**आध्यात्मि**
**साँस्कृतिक**
**धर्मिक सह**

- अन्तिम संस्कारमा बाधा
- धार्मिक विश्वासहरू
- विधवासँग सम्बन्धित साँस्कृतिक मूल्य र मान्यताहरू

## रूको आवश्यकताको आधारमा मनोसामाजिक सहयोग





विजय राई/आईसीआरसी

### घ. जान्न पाउने अधिकारसम्बन्धी सहयोग

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी)ले द्वन्द्वको समयमा बेपत्ता भएका नागरिकहरूको यथार्थ अवस्थाबारे जानकारी गराउन द्वन्द्वका सबै पक्षहरूसँग आवश्यक सम्पर्क कायम गर्दछ । यसका साथै बेपत्ता व्यक्तिहरूको बारेमा जानकारी सङ्कलन गरेका अन्य संघसंस्थाहरूसँग समेत आईसीआरसीले समन्वय गर्ने गर्दछ । त्यसै गरी, नेपाल रेडक्रस सोसाइटीको सहयोगमा आईसीआरसीले स्थानीय स्तरको भ्रमणहरूमार्फत स्थानीय निकायहरू र समुदायहरूबाट बेपत्ता व्यक्तिहरूको बारेमा वास्तविक जानकारीहरू प्राप्त गरी परिवारका सदस्यहरूलाई जानकारी गराउने काम समेत गर्दछ । आईसीआरसीले बेपत्ता परिवार समाज नेपाललाई पनि सहयोग गर्दै आएको छ । बेपत्ता व्यक्तिहरूको समस्या हल गर्ने कार्यमा आईसीआरसीले राष्ट्रिय मानवअधिकार आयोग (एनएचआरसी) सँग पनि निकटतम सहकार्य गर्दै शवोत्खनन गराउन इच्छुक परिवारहरूलाई सिफारिस सहयोग पनि गर्दछ ।

### ङ. प्रशासनिक तथा कानूनी सहयोग

बेपत्ता व्यक्तिका परिवारका सदस्यहरूलाई आवश्यक पर्ने प्रशासनिक कागजातहरू जस्तै जन्म दर्ता प्रमाण पत्र, नाता प्रमाणित कागजातका साथै नेपाल सरकारमार्फत जिल्ला स्तरमा प्रदान गरिने अन्तरिम राहतका लागि आवश्यक कागजातहरू प्राप्त गर्न सहयागी साथीहरूले मद्दत गर्दछन् ।

मन्त्रालयस्तरको प्रशासनिक प्रक्रियाहरूको अनुगमनको कार्य आईसीआरसी काठमाडौंबाट गरिन्छ । जटिल प्रकारका कानूनी समस्याहरूको परामर्श र कानूनी सहायताको लागि बेपत्ता व्यक्तिका परिवारहरूलाई अन्य सहयोगी संस्थाहरूमा सिफारिस गरी सहयोग प्रदान गरिन्छ ।







**च. आध्यात्मिक र साँस्कृतिक सहयोग**

सामान्यतः बेपत्ता व्यक्तिका परिवारका सदस्यहरूले सहयोगी समूहको बैठकमा बेपत्ता व्यक्तिको स्मृति जीवित राख्ने चाहना व्यक्त गर्दछन् । के–कस्ता संस्मरणात्मक क्रियाकलापहरू उपयुक्त हुन्छन् भन्ने निर्णय पनि सहयोगी समूहका सदस्यहरूले नै गर्ने गर्दछन् । धार्मिक तथा परम्परात्मक अनुष्ठान/संस्कारहरूमार्फत बेपत्ता व्यक्ति जीवित वा मृत जे भएपनि आत्माले शान्ति पाँउछ भन्ने विश्वास गरिन्छ । बेपत्ता व्यक्तिको नाममा निर्माण गरिने प्रतीक्षालय, पानी पिउने धाराहरू, समुदायका अगुवाहरू र समुदायको उपस्थितिमा उद्घाटन गरी बेपत्ता व्यक्तिको नाममा कृति राख्ने काम पनि गरिन्छ । यस्ता क्रियाकलापहरूले बेपत्ता व्यक्तिका परिवारहरूको दुःखमा सामुदायिक ऐक्यबद्धता, परस्पर सहयोग र सम्मान पुग्ने गर्दछ ।

**छ. आर्थिक सहयोग**

प्राय सबैजसो बेपत्ता व्यक्तिका परिवारहरूमा ग्रामीण क्षेत्रमा बसोवास गर्ने कृषकहरू छन् । आईसीआरसीले हेफर इन्टरनेशनलको सहकार्यमा बेपत्ता व्यक्तिका परिवारहरूलाई कृषि र पशुपालनसम्बन्धी ज्ञान र सीपका साथै पशु तथा बीउबीजनको सहायता गर्ने गरेको छ । उक्त सहायता कार्यक्रम हेफर इन्टरनेशनलको “उपहार प्रदान”को अवधारणामा आधारित छ, जसअर्न्तगत बेपत्ता व्यक्तिका परिवारहरूले प्राप्त गरेका सीप, ज्ञान र स्रोत साधन आफूले उत्पादन लिन थालेपछि प्राप्त हुने चौपाया पशु आफ्नै समुदायको अर्को विपन्न परिवारलाई हस्तान्तरण गर्ने गर्दछन् । यस “उपहार प्रदान”को अवधारणाबाट कार्यक्रममा दीगोपना आउनुका साथै यसले मर्यादा र आत्मनिर्भरताको लागि सञ्जाल पनि निरन्तर विस्तार हुँदै जान्छ । त्यस्तै, आर्थिक उपार्जनका लागि व्यावसायिक तालिमको आवश्यकता भएका बेपत्ता व्यक्तिका परिवारहरूका सदस्यहरूलाई जिल्ला र केन्द्रीयस्तरमा उपलब्ध व्यावसायिक तालिमका लागि सिफारिस र सहयोग समेत गरिन्छ ।

## बेपत्ता आफन्तको स्मृतिमा परिवारहरूले निर्माण गरेका स्मारकहरू

| क्र.सं. | जिल्ला | ठाउँ | स्मारकको प्रकार | उद्घाटन मिति |
|---|---|---|---|---|
| १ | कञ्चनपुर | कृष्णपुर-४, बाणी | चौतारा | २०१५ (अपेक्षित) |
| २ | कञ्चनपुर | बेलौरी नगरपालिका-६ | चौतारा | २०१५ (अपेक्षित) |
| ३ | कपिलवस्तु | बरकलपुर-९, चौहन्नापुर | चौतारा | २०१२ |
| ४ | कपिलवस्तु | सिर्सिहवा-८, रूपगञ्ज | चौतारा | २०१२ |
| ५ | काठमाडौं | पुरानो नैकाप, वडा नं. ७ | स्मारक तथा सामुदायिक भवन | २०१२ |
| ६ | कास्की | शहीदपार्क, वडा नं. ७, पोखरा | प्रतीक्षालय | २०१३ |
| ७ | कैलाली | दोदोधारा-७, बौनिया बजार | पानीको धारा | २०१५ (अपेक्षित) |
| ८ | गोरखा | प्रजिअ कार्यालय अगाडि, गोरखा बजार | प्रतीक्षालय | २०१५ (अपेक्षित) |
| ९ | चितवन | पदमपुर-८ | प्रतीक्षालय | २०१२ |
| १० | चितवन | भण्डारा-१, भण्डारा बजार | प्रतीक्षालय | २०१२ |
| ११ | झापा | कोटिहोम | स्मारक | २०१४ |
| १२ | तनहुँ | प्रजिअ कार्यालय अगाडि, दमौली बजार | प्रवेशद्वारमा बेपत्ता नामावली | २०१२ |
| १३ | दाङ्ग | बेला-२, कठबेरुवा | चौतारा | २०१२ |
| १४ | धनुषा | नेरेसो परिसर, बेङ्गाडाबर-६ | प्रतीक्षालय | २०१४ |
| १५ | धादिङ | धादिङबेंसी | प्रतीक्षालय | २०१५ (अपेक्षित) |
| १६ | धादिङ | हेकराङ, जोगिमारा-५ | स्मारक तथा प्रतीक्षालय | २०१३ |
| १७ | नवलपरासी | दाउन्ने मन्दिर | सरस्वतिको मूर्ति | २०११ |
| १८ | नवलपरासी | शिवमन्दिर-८, महाराजस्थान मन्दिर | मन्दिरको प्रवेशद्वार | २०११ |
| १९ | नुवाकोट | दुप्चेश्वर महादेव, राउतबेंसी | मन्दिरको प्रवेशद्वार | २०१५ (अपेक्षित) |
| २० | बर्दिया | खैरिचन्दनपुर-२, मंगलपुर | धारा/ह्याण्ड्पम्प | २०११ |

# बेपत्ता आफन्तको स्मृतिमा परिवारहरूले निर्माण गरेका स्मारकहरू

| क्र.सं. | जिल्ला | ठाउँ | स्मारकको प्रकार | उद्घाटन मिति |
|---|---|---|---|---|
| २१ | बर्दिया | गोला/पाताभार | धारा/ह्याण्ड्पम्प | २०११ |
| २२ | बर्दिया | ठाकुरद्वारा | धारा/ह्याण्ड्पम्प | २०११ |
| २३ | बर्दिया | धधवार-७, दुग्धा | प्रतीक्षालय | २०१२ |
| २४ | बर्दिया | मगरागढी-५, सुनपुर | प्रतीक्षालय | २०११ |
| २५ | बर्दिया | मनाउ-८, नौरङ्गा | धारा/ह्याण्ड्पम्प | २०११ |
| २६ | बर्दिया | मनाउ-८, पर्सेनी | धारा/ह्याण्ड्पम्प | २०११ |
| २७ | बर्दिया | महमदपुर-८, भैसाही | विद्यालय परिसरमा मन्दिर | २०१२ |
| २८ | बर्दिया | मानपुरटपरा-८, विक्रमपुर | प्रतीक्षालय | २०११ |
| २९ | बर्दिया | मोतिपुर-२, नेवाडा | प्रतीक्षालय | २०११ |
| ३० | बर्दिया | मोतिपुर-५, मदाहा | प्रतीक्षालय | २०११ |
| ३१ | बर्दिया | मोतिपुर-७, सतरिया | सामुदायिक भवन | २०११ |
| ३२ | बर्दिया | सोरहवा-२, जगटिया | प्रतीक्षालय | २०११ |
| ३३ | बाँके | कोहलपुर चैतारा | चौतारा | २०१२ |
| ३४ | बाँके | रभ्रेना-२ | प्रतीक्षालय | २०१२ |
| ३५ | महोत्तरी | जिल्ला स्वास्थ्य कार्यालयको परिसर, जलेश्वर नगरपालिका | प्रतीक्षालय | २०१५ (अपेक्षित) |
| ३६ | मोरङ | विराटनगर | प्रतीक्षालय | २०१४ |
| ३७ | लमजुङ | फेदिकुना-९, भोटेओडार | मन्दिर मर्मत तथा पूजा | २०१३ |
| ३८ | सप्तरी | सगरमाथा अञ्चल अस्पताल परिसर, राजविराज | प्रतीक्षालय | २०१५ (अपेक्षित) |
| ३९ | सिराहा | सिराहा नगरपालिका | प्रतीक्षालय | २०१५ (अपेक्षित) |
| ४० | सुनसरी | तालतलैया | प्रतीक्षालय | २०१३ |
| ४१ | सुर्खेत | लाटीकोइली-९, बुलबुलैया | प्रतीक्षालय | २०१४ |

# आईसीआरसीको हातेमालो कार्यक्रमका साझेदार संस्थाहरू

## विगतका साझेदार संस्थाहरू (यी क्षेत्रहरूमा कार्यक्रम सम्पन्न भइसकेको छ)

**कपिलवस्तु/रूपन्देही/**
नमुना एकीकृत विकास परिषद्, भैरहवा
फोन : ०७१-५२७२०५/५२२९०५

**काठमाडौं उपत्यका**
अन्तरङ्ग मनोसामाजिक कल्याण केन्द्र,
टेकु, काठमाडौं
फोन : ०१-४२२११७३

**कास्की/तनहु/लमजुङ**
कोपिला नेपाल, पोखरा
फोन : ०६१-४६६४०३, ४६३४८६

**चितवन/नवलपरासी**
दियालो परिवार, नारायणगढ
फोन : ०५६-५२२७९७/५२३०३१

**झापा/मोरङ/सुनसरी**
महिला पुनः स्थापना केन्द्र (ओरेक), बिराटनगर
फोन : ०२१-४७०२३८

**दाङ**
ग्रामीण महिला उत्थान केन्द्र, घोराही
फोन : ०८२-५६०४८९/५६०८३७

**बर्दिया**
थारू महिला गत्थान केन्द्र, गुलरिया
फोन : ०८४-४२०३४७/४२०३५०

**बाँके जिल्ला**
महिला उपकार मञ्च, कोहलपुर
फोन : ०८१-५४०१४४

## हातेमालो कार्यक्रममा सहकार्य गर्दै आएका साझेदार संस्थाहरू

**नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालय**
पो.ब.नं. २१७, कालिमाटी, काठमाडौं, नेपाल
टेलिफोन : +९७७ ०१ ४२७२७६१
फ्याक्स : +९७७ ०१ ४२७११९५/४२७३२८५
ईमेल : info@nrcs.org
वेब : www.nrcs.org

**बेपत्ता परिवार समाज नेपाल (नेफाड)**
ईमेल : nefad.nepal@gmail.com

**हेफर अन्तर्राष्ट्रिय - नेपाल**
हात्तीवन, ललितपुर, नेपाल
पोष्ट बक्स : ६०४३, काठमाडौं
फोन : +९७७ १ २१२११२/५२५०५५४
फ्याक्स : +९७७ १ ५२५०८७३
ईमेल : heifer.nepal@heifer.org

# आईसीआरसीको हातेमालो कार्यक्रमका साझेदार संस्थाहरू

## हालका साझेदार संस्थाहरू (यी क्षेत्रहरूमा हाल कार्यक्रम कार्यान्वयन भइरहेको छ)

**गोरखा**
कोपिला नेपाल, पोखरा
फोन : ०६१-४६६४०३/४६३४८६

र

**नेपाल रेडक्रस सोसाइटीका निम्न जिल्ला शाखाहरू**

**नेरेसो अछाम**
फोन : ०९७-६२०१४८

**नेरेसो कन्चनपुर**
फोन : ०९५-५२३१८३/५२५५८८

**नेरेसो काभ्रे**
फोन : ०११-६६१४३१

**नेरेसो कालिकोट**
फोन : ०८७-४४०१२५

**नेरेसो कैलाली**
फोन : ०९१-५२१३३३/५२६३३३

**नेरेसो जाजरकोट**
फोन : ०८९-४३००४२

**नेरेसो जुम्ला**
फोन : ०८७-५२००३६

**नेरेसो दैलेख**
फोन : ०८९-४२०१७९/४२०१३७

**नेरेसो धनुषा**
फोन : ०४१-५२०८७०

**नेरेसो धादिङ्ग**
फोन : ०१०-५२०१३७

**नेरेसो नुवाकोट**
फोन : ०१०-५६०९७०

**नेरेसो बाग्लुङ**
फोन : ०६८-५२०१६९

**नेरेसो बैतडी**
फोन : ०९५-५२०३५६/५२०१५६

**नेरेसो मकवानपुर**
फोन : ०५७-५२२९७७/५२०७११

**नेरेसो महोत्तरी**
फोन : ०४४-५२०६३३

**नेरेसो रामेछाप**
फोन : ०४८५४००३३

**नेरेसो रूकुम**
फोन : ०८८-५३०१४५

**नेरेसो रोल्पा**
फोन : ०८६-४४००३६

**नेरेसो रौतहट**
फोन : ०५५-५२१२७८/५२०१४१

**नेरेसो सप्तरी**
फोन : ०३१-५२११२१

**नेरेसो सल्यान**
फोन : ०८८-५२०००४

**नेरेसो सिन्धुपाल्चोक**
फोन : ०११-६२०१३४

**नेरेसो सिन्धुली**
फोन : ०४७-५२०१२०/५२०२२६

**नेरेसो सिराहा**
फोन : ०३३-५२००९५

**नेरेसो सुर्खेत**
फोन : ०८३-५२०३१०

**नेरेसो स्याङजा**
फोन : ०६३-४२०११४

# बेपत्ता व्यक्तिको खोजी गर्ने परिवारजन, हाल बसोबास गर्ने जिल्लाको आधारमा (१९९६–२०१४)







## संकेत

बेपत्ता व्यक्तिको खोजी गर्ने परिवार बस्ने जिल्ला

- १-२०
- २१-५०
- ५०-१००
- >१००
- परिवारहरू बस्ने जिल्ला
- अन्य जिल्ला
- विकास क्षेत्र सीमा

(३६) ले उल्लेखित जिल्लामा रहेका बेपत्ता व्यक्तिको खोजी गर्ने परिवारको संख्यालाई जनाउँछ।

तथ्याङ्क स्रोत: प्रोटेक्शन विभाग, आईसीआरसी
तयार गर्ने : आईसीआरसी
मितिः ३१ जुलाई २०१४

यो नक्शा जानकारीको लागि मात्र हो, यसले कुनै राजनीतिक अर्थ बोक्दैन।

# आईसीआरसीको हातेमालो कार्यक्रम (२०१०–२०१५)

ICRC




**संकेत**
- विकास क्षेत्र सीमा
- नमूना चरण
- पहिलो विस्तार
- दोस्रो विस्तार
- तेस्रो विस्तार
- चौथो विस्तार

**कार्यक्रमको चौथो बिस्तार (२०१४ मेदेखि २०१५ अक्टोबरसम्म)**
- कूल ३३७ परिवारहरू
- १७ कार्यान्वयन साझेदार संस्थाहरु
- ४१ जना सहयोगी साथीहरू
- १८ परामर्शदाताहरु
- ९ प्रशासन तथा वित्त सहायक
- १७ फोकस पर्सनहरु

**कार्यक्रमको पहिलो बिस्तार (२०११ मार्च- २०१३ जुन, सम्पन्न भइसकेको)**
- कूल ३४८ परिवारहरू
- ११० गाविसहरूमा फैलिएको
- ५ कार्यक्रम कार्यान्वयन साझेदार गैससहरू
- ३२ जना सहयोगी साथीहरू
- १० जना सुपरिवेक्षकहरू

**नमुना चरण (२०१० अगस्ट–२०१२ जुन, सम्पन्न भइसकेको)**
- कूल २६७ परिवारहरू
- २८ गाविसहरूमा फैलिएको
- १ कार्यक्रम कार्यान्वयन साझेदार गैसस
- १५ जना सहयोगी साथीहरू
- २ जना सुपरिवेक्षकहरू

**कार्यक्रमको तेस्रो बिस्तार (२०१३ जनवरीदेखि जारी रहेको)**
- कूल २५२ परिवारहरू - १५० गाविसहरूमा फैलिएको
- कार्यक्रम कार्यान्वयन साझेदार ९ वटा नेरेसो जिल्ला शाखाहरू र १ गैसस
- २२ जना सहयोगी साथीहरू - ९ जना सुपरिवेक्षकहरू
- ५ प्रशासन तथा वित्त सहायक - ९ नेरेसो जिल्ला शाखा फोकल पर्सनहरू

**कार्यक्रमको दोस्रो बिस्तार (२०११ नोभेम्बर–२०१४ सेप्टेम्बर, सम्पन्न भइसकेको)**
- कूल १२० परिवारहरू - ५० गाविसहरूमा फैलिएको
- २ कार्यक्रम कार्यान्वयन साझेदार गैससहरू
- १२ जना सहयोगी साथीहरू - ४ जना सुपरिवेक्षकहरू

## आईसीआरसीको लक्ष्य

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) निष्पक्ष, तटस्थ र स्वतन्त्र सङ्गठन हो जसको एक मात्र मानवीय लक्ष्य सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरूबाट पीडित व्यक्तिहरूको जीवन र मर्यादाको संरक्षण गर्नु र उनीहरूलाई सहयोग उपलब्ध गराउनु हो । आईसीआरसीले मानवीय कानून र विश्वव्यापी मानवीय सिद्धान्तहरूको प्रवर्धन र तिनलाई सुदृढ पारेर पीडालाई रोक्ने प्रयत्न पनि गर्दछ । सन् १८६३ मा स्थापित आईसीआरसीबाट नै जेनेभा महासन्धिहरू तथा अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको उत्पत्ति भएको हो । यसले सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरूमा रेडक्रस अभियानद्वारा सञ्चालित अन्तर्राष्ट्रिय गतिविधिहरूको निर्देशन र समन्वय गर्दछ ।

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी)
पो.ब.नं. २१२२५
मीनभवन, नयाँ बानेश्वर, काठमाडौं, नेपाल
फोन : +९७७ १ ४१०७२८५/४१०७२७९ फ्याक्स्: +९७७ १ ४१०७१३७
इमेल: kathmandu@icrc.org www.icrc.org
© आईसीआरसी, नोभेम्बर २०१४

लाहान
फोन : ०३३-५६२३२२

चितवन
फोन : ०५६–५२३११८

नेपालगञ्ज
फोन : ०८१-५२२२६२/५२५५६०
फ्याक्स्: ०८१-५२४४५६

ICRC

2014.0185/257 11.2014 4000